Bulletin

society for humanism (SOCH) nepal
सोच नेपाल

SOCH Nepal
FOR THE DIGNITY & HAPPINESS

A Publication of Society for Humanism (SOCH) Nepal, Issue 33 Oct-Dec 2021

अन्तराष्ट्रिय भ्रष्टाचार बिरुद्धको दिवसका अवसरमा डिसेम्बर ९, २०२१ मा बुढानीलकण्ठ नगरपालिकाका नगर प्रमुख उद्धव खरेल भ्रष्टाचार बिरुद्धको प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्दै । विवरण पृष्ठ २ मा

SOCH Nepal's Vision : A Rational Nepali Society wherein all enjoy equal dignity as a human being.

SOCH Nepal's Mission : SOCH Nepal is Committed to promoting human dignity by enhancing governance, humanism, secularism and cultural reform.

SOCH Nepal is committed to promoting human dignity by increasing rational human mass.

नागरीक अगुवालाई प्रणालीय नेतृत्व विकास तालीम

सौराहा- पाँच जिल्लाका नागरिक अगुवाहरुलाई प्रणालीय नेतृत्व विकास सम्बन्धि तालिम सम्पन्न भएको छ । सोच नेपाल र डेक नेपालले सहकार्यमा तथा Fhi/USAID को सहयोगमा काठमाण्डौ, गोरखा, धादिङ, मकवानपुर र ओखलढुंगाका करिव २५ जनालाइ तालिम दिइएको हो ।

जटिल चुनौति सम्बोधनका लागि प्रणालीय नेतृत्व विकास गर्दै आवाज बिहीनहरुको आवाज उठाउने र सवालको सम्बोधनका लागि क्षमता बिकास गर्ने तालिमको उद्देश्य रहेको छ । कात्तिक ९ देखि ११ गतेसम्म सञ्चालित तालिममा नागरिक समाजका संस्थाका अगुवा तथा पत्रकार सहभागी थिए ।

तालिम महत्वपुर्ण र समय सापेक्ष रहेको गैसस महासंघ नेपालका काठमाण्डौं शाखा उपाध्यक्ष रत्न उप्रेतीले बताउनु भयो । कार्यक्रमको सहजीकरण FHI 360 का सुशासन विज्ञ प्रणव भट्टराई र पैरबी तथा जनवकालतका जानकार भोला भट्टराईले गर्नुभएको थियो ।

पछाडि पारिएको वर्गको पक्षमा वकालत गर्न नागरिक समाजले परिणाममूखी पैरवी गर्न प्रणालीय नेतृत्व विकास गर्न आवश्यक भएकोले तालिम आयोजना गरिएको हो ।

प्रणालीय नेतृत्व विकास तालिम सोच नेपाल, डेक नेपालले नागरिक समाज:पारस्परिक जवाफदेहिता परियोजना अन्तर्गत आयोजना गरिएको हो ।

सुशासनको क्षेत्रमा काम गर्दै आएको यो परियोजनाले नागरिक समाजको शसक्तिकरणमा जोड दिदै आएको छ । तालिमको समापन गर्दै सोच नेपालका कार्यकारी निर्देशक उत्तम निरौलाले समुदायको तल्लो वर्गको हितमा काम गर्न सबैको जोड रहेको बताउनु भयो ।

नागरीक अगुवालाई प्रणालीय नेतृत्व विकास तालीम

FHI 360 तथा USAID को सहयोगमा सञ्चालित पारस्पारिक जवाफदेहिता स्थानिय अभियान अन्तर्गत अन्तराष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवसको अवसरमा बुढानीलकण्ठ नगरपालिकामा एक छलफल तथा भ्रष्टाचार विरुद्धको प्रतिवद्धता कार्यक्रम सम्पन्न भएको छ ।

अन्तराष्ट्रीय भ्रष्टाचार विरुद्धको दिवसको अवसरमा डिसेम्बर ९, २०२१ का दिन बूढानीलकण्ठ नगरपालिका र सोच नेपालको सयुक्त आयोजनामा स्थानिय तहमा शुसासन र पारदर्शिता बिषयमा बुढानीलकण्ठ नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, पत्रकार, नागरिक समाजको सहभागितामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्नु हुदै बुढानीलकण्ठ नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत राजेन्द्र कार्कीले भ्रष्टाचर बिरुद्धको दिवसको अवसरमा यस किसिमको कार्यक्रमले भ्रष्टाचार उन्मुलनमा सहयोग पुग्नुका साथै भ्रष्टाचार बिरुद्धको अभियानमा थप टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा श्रोत व्यक्तिका रुपमा नीति, मानवअधिकार तथा सुशासन बिज्ञ अधिवक्ता राजेश हमालज्युले भ्रष्टाचारको मुल्य (Cost of curruption) मा प्रस्तुती राख्नु भएको थियो । हमालले राज्यमा भ्रष्टाचार मौलाउदै गर्दा महंगी, गरीवि र असमानता वृद्धि हुने, काममा ढीलासुस्ती विकाश कार्यमा तोकिए बमोजिमको खर्च नहुने, योजना मुताविक काम नभई बजारमा तरलता अभाव हुने, समयमा परियोजना सम्पन्न नहुदा बढी समय र खर्च बढ्ने जसको कारण देशको समग्र अर्थतन्त्रनै बिग्रने बताउनु भयो ।

यसरि भ्रष्टाचार मौलाउदै जादा सिमान्तकृत समुदाय अझ पछाडि पर्ने गरीब बर्ग अझ गरीब बन्ने धनी र गरीब बिचको दुरी अझ बढ्ने, देशमा सम्भावना नहुदा युवा जनशक्ति बिदेश पलायन हुने समग्रमा भ्रष्टाचारले आर्थिक सामाजिक र राजनैतकि रुपमा ठुलो मुल्य चुकाउनु पर्ने बताउनु भयो ।

हमालले भ्रष्टाचार निवारणको लागि निम्न सुझाव प्रदान गर्नुभएको थियो ।

- चित्त शुद्धि (राग, द्वेशको नियन्त्रण)- निष्ठा र इमानदारीको विकास ।
- आम चेतना, शिक्षामा सुधार (गुणस्तर र परिमाण)
- आर्थिक अवसरमा बृद्धि
- राजनीतिक निर्मलीकरण

- पारदर्शी र जवाफदेही (प्रश्न सोध्ने र जवाफ दिने) संस्कारको विकास
- भ्रष्टाचार निवारणसम्बन्धी संस्थाको सबलीकरण
- कर्तव्य र अधिकारमा आधारित सँस्कृतिको निर्माण
- विधिको शासनको परिपालना (सही प्रकृयाबाट बनेको न्यायोचित कानून, त्यसको समान तथा सही पालना र कानून उल्लंघनमा समान कारवाही तथा उपचार)

कार्यक्रममा स्थानिय नागरिकहरुले कतिपय अवस्थामा नगरमा केहि काम लिएर आउदा प्रक्रियागत जानकारीको कमीले ढीला सुस्ती तथा झण्झट व्यहोनु परेको गुनासो गरेका थिए । उपभोक्ता समिति मार्फात हुने काममा पनि प्रक्रिया पुर्‍याउन नसक्दा समयमै काम सम्पन्न गर्न नसकिएको गुनासो राखेका थिए । कुनै शाखामा कर्मचारी बिदामा बस्दा निजको जिम्वेवारी हस्तान्तरण नगरी जादा काम ढीलो हुने गुनासो राखेका थिए । नगरपालिकामा कर्मचारी छिटो छिटो सरुवा भै आउने जाने गर्दा कुनै पनि काम सम्पन्न गर्न लामो समय लाग्ने गरे को गुनासो राखेका थिए ।

कार्यक्रममा बुढानीलकण्ठ नगरपालिकाका सुशासन समिति संयोजक शम्भु प्रसाद भट्टराइले नगरपालिकामा विभिन्न किसिमका निती निर्माण गरी सुशासन कायम गर्न पहल गरीएको बताउनु भयो । नगरपालिकामा सुशासन कार्यविधि र सार्बजनिक जवाफदेहिता कार्यबिधि निर्माण गरी कार्यान्वयनमा रहेका बताउनु भयो ।

कार्यक्रममा सम्बोधन गर्दै नगर प्रमुख उद्धव प्रसाद खरेलले नगरपालिका भ्रष्टाचारमा शुन्य सहनिशलताको नीती अवलम्बन गरेको तथा पार दर्शी प्रशासन जनतालाइ सुशासन को नारा लाइ आत्मसाथ गरी नीति तथा कार्यक्रम अगाडि बढाएको बताउनु भयो ।

स्थानिय तहमा भ्रष्टाचार नियन्त्रणका लागि खरिद ऐन निर्माणको चरणमा रहेको र केन्द्र सरकारको खरिद ऐनमा भएका लुपहोलका कारण आर्थिक हिनामिनाको सम्भावना रहने गरेकोले छिट्टैनै खरिद ऐन निर्माण गरी नगर सभाबाट पास गरिने बताउनु भयो ।

नगरका हरेक प्रक्रियामा जनताको चासो कमि हुनाले यस अघि गरिएका सार्बजनिक सुनुवाइहरु सरोकारवालहरुको सहभागिता कम हुदा प्रभावकारी नबनेको बताउनु भयो ।

उहाले नगरपालिकाका कर्मचारीमा दक्षताको कमी अपनत्व नहुने, सेवाभावको अभावका कारण नागरिकहरुले भनेजस्तो सेवा पाउन नसके को र यसलाइ सुधार गर्न आफु लागि परेको बताउनु भयो ।

कर्मचारीको परिबर्तन छिटो छिटो हुदा कतिपय अवस्थामा काम गर्न ढिला सुस्ती हुने गरेको जनताको गुनासो सम्बोधन गर्ने संयन्त्र निर्माण गर्न आवश्यक रहेको बताउनु भयो ।

कार्यक्रमको अन्तमा म सबै खाले भ्रष्टाचारको विरोध गर्दै सदाचार प्रति प्रतिबद्ध छु भनी सहभागि जनप्रतिनिधि, कर्मचारी र नागरिक समाजको तर्फबाट प्रतिबद्धता पत्रमा हस्ताक्षर सहित कार्यक्रम सम्पन्न भएको थियो ।

लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान सम्पन्न ।

लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियानका अवसरमा सोच नेपालले काठमाण्डौं, ओखलढुंगा र गोरखा जिल्लामा बिभिन्न कार्यक्रम आयोजना गरी सम्पन्न गरेको छ । गोरखामा लैंगिक हिंशा बिरुद्धको १६ दिने अभियान अन्तरगत गोरखामा सरोकारवालावीच छलफल

'हिंशाका अधिकांश उजुरीमा मिलापत्र'

गोरखा,
लैंगिक हिंशाविरुद्धको १६ दिने अभियान अन्तरगतग गोरखा नगरपालिका १० को बिरेनचोकमा अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ । 'घरै बाट सुरु गरौ, महिला हिंसा अन्त्य गरौ' भन्ने मुल नाराका साथ गत ९ गतेबाट सुरु भएको अभियान अन्तरगत सोमबार गोरखाको बिरेनचो कमा लैंगिक हिंशा, अपराध, कानूनी व्यवस्था तथा यसको न्यूनिकरण लागि नागरिक समाजको भुमिकाका बारे सरोकारवालावीच छलफल भएको हो ।

पारस्परिक जवाफदेहिता परियोजना अन्तरगत सोच नेपालको आर्थिक सहयोग तथा लैंगिक हिंशा बिरुद्धको १६ दिने अभियान सञ्चालन तथा समन्वय समिति गोरखाको आयोजना र सामाजिक विकास कार्यालय गोरखा साथै मर्स्यांदी बचत तथा ऋण सहकार

ी संस्थाको समन्वयमा भएको कार्यक्रममा हिंशाको प्रकृती, कानूनी बिषय, उजुरी लगायतका बिषयमा छलफल भएको थियो ।

सोच नेपालको सहयोग एवं व्यवस्थापनमा भएको कार्यक्रममा सहकारी संस्थाका अध्यक्ष सरिता नेपालीको अध्यक्षता तथा गोरखाका प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्यको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा सामाजिक विकास कार्यालय गोरखाका प्रमुख दिपेन्द्र परियारले दिवशको औचित्य, पृष्ठभुमी, इतिहास र यसको आवस्यताका बारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

त्यस्तै कार्यक्रममा जिल्ला प्रहरी कार्यालय गोरखाका डिएसपी प्रकाश दाहालले हिंशा, दुर्ब्यवहार, अपराधवीचको भिन्नता, समाजमा कुप्रथा, अन्धविश्वास, कुरीतिका कारण हुने हिंशाका प्रकार, प्रथा, यसले समाजमा पारेको प्रभाव, जटिलताका साथै यसका बिरुद्ध कानूनी ब्यवस्था, कारबाही, जरिवाना, उजुरी गर्ने तरिकार, निकाय, न्यूनिकरणमा भइरहेको पहल, समस्या, चुनौती लगायतका बिषयमा आ^नो कार्यपत्र प्रस्तुत गर्नुभयो । साथै उनले गोरखामा भइरहेको लैंगिक हिंशाको उजुरीका बारे ३ बर्षे तथ्यांक समेत सार्वजानिक गरेका थिए । जसमा सबै भन्दा बढी बलत्कारका घटना भएको उनले बताए । कार्यक्रममा सहभागीहरुले हिंशा सम्बन्धि बिभिन्न जिज्ञासा तथा अनुभव र अ^ट्याराहरु आदानप्रदान समेत गरेका थिए ।

डिएसपी दाहालले प्रस्तुत गर्नुभएको कार्यपत्र अनुसार गोरखामा हुने महिला हिंशाका अधिकांश घटनाहरुमा मिलापत्र हुने गरेको देखिएको छ । जिल्ला प्रहरी कार्यालय गोरखामा चालु आर्थिक वर्षको चार महिनामा हिंसाका ४१ वटा उजुरी दर्ता भएका छन् । ति मध्य १९ वटा उजुरी मिलापत्र गरेका छन् भने १६ वटा उजुरी अन्य निकायमा पठाएको र ६ वटा उजुरीको फछ्यौट हुन बाँकी रहेको डिएसपी प्रकाश दाहालले जानकारी दिनुभयो ।

गत आर्थिक वर्ष २०७७/०७८ मा १ सय १३ वटा उजुरी दर्ता भएकोमा ७६ वटा उजुरीको मिलापत्र गरिएको उनले बताए । ४१ वटाउजुरी अन्य निकायमा पठाएको र ५ वटा उजुरी पछ्यौट हुन वाँकी छ । त्यस्तै, आर्थिक वर्ष २०७६/०७७ एक सय १६ वटा उजुरी दर्ता भएका छन् । ति मध्य ८० उजुरी मिलापत्र, ४५ वटा उजुरी अन्य निकायमा पठाएको र एउटा उजुरी फछ्यौट गर्न बाँकी रहेको कार्यालयले जनाएको छ । कार्यालयको तथ्यांक अनुसार पछिल्लो तीन वर्षमा जिल्लामा घरेलु हिंसा सम्बन्धी उजुरी दर्ताको क्रम बढ्दै गएको हो । अशिक्षा, परम्परागत रुढीवादी सोच एवं कुसस्कारका कारण घरेलु हिंसा बढ्ने गरेको कार्यालयले जनाएको छ ।

पारिवारिक, सामाजिक तथा आर्थिक लगायका कारणहरुबाट हिंसामा परी सम्बन्धित निकायमा गएका महिलाहरुले मेलमिलापलाई नै अन्तिम विकल्पको रुपमा स्वीकार्न बाध्य पारिदा उनीहरुले पटक पटक घरेलु हिंसा सहनु परेको उहाँले बताउनु भयो ।

त्यस्तै आर्थिक वर्ष २०७८/०७९ मा बहुविवाह, जवरजस्ती करणी, जवरजस्ती करणी उद्योगको र बाल यौन दुरुपयोग सम्बन्धी एक/एक वटा मुद्धा परेको डिएसपी दाहालले जानकारी दिनभयो । उहाँका अनुसार गत वर्ष २०७७/७८ मा बहुविवाह सम्बन्धी ९, जबरजस्ती करणीमा १७, जबरजस्ती करणी उद्योग शिर्षकमा ९ र बाल यौन दुरुपयोग सम्बन्धी शिर्षकमा २ जना विरुद्ध मुद्धा परेको छ ।

त्यस्तै, आर्थिक वर्ष २०७६/०७७ मा बहविवाह शिर्षकमा १३, जबरजस्ती करणी शिर्षकमा १३, जबरजस्ती करणी उद्योग शिर्षकमा ५ र बाल यौन दुरुपयोग शिर्षकमा ३ वटा मुद्धा परेको उहाँको कार्यपत्रका छ । विगत तीन वर्षमा बोक्सी आरोप सम्बन्धी कुनै मुद्धा परेको छैन ।

कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी आचार्यले समाजमा अन्धविस्वास र दवावका कारण हिंशा सहेर बस्ने प्रवृत्ति रहिरहेकाले त्यसलाइ ं निस्तेज पार्नुपर्ने बताउनु भयो । त्यस्तै गोरखाका प्रहरी प्रमुख शेखर खनालले पछिल्लो समय बिभिन्न हिंशामध्ये राजनीतिक हिंशासमेत बढेर गएको जानकारी गराउनुभो । उहाँले समाजमा घटना घटेपछि प्रहरीमा उजुरी आउने तर कतिपय समयमा अदालत पुगेपछि बिभिन्न डर र दवावमा पिडक र पिडितले बयान समेत फेरिदिनाले विश्वासनियता र अनुसन्धानमा समस्या हुने गरेको समेत तर्क गर्नुभयो । काय ंक्रममा गोरखा नगरपालिकाका कार्यपालिका सदस्य सावित्रा थापाले महिलाको मात्रै अधिकारका कुरा गर्दा कतिपय समय पुरुष समेत हिंशा र पिडामा पर्ने गरेको र यसप्रति सचेत हुनुपर्ने बताउनुभयो । कार्यक्रममा नेपाल पत्रकार महासंघ गोरखाका अध्यक्ष नरहरी सापकोटा, सचिव विकास मरहट्टा, सहसचिव केशव गुरुङतथा नेपाल रेडक्रश सोसाइटी गोरखाका उपसभापति भिमलाल श्रेष्ठ लगायतको सहभागिता रहेको थियो ।

अन्तराष्ट्रिय मानव अधिकार दिवश २०२१ मा सन्दर्भमा गोरखामा मानव अधिकार संरक्षणमा नागरिक समाज र सञ्चार माध्यमको भुमिका विषयक छलफल कार्यक्रम ।

गोरखामा मानव अधिकार संरक्षणमा नागरिक समाज र सञ्चार माध्यमको भुमिका बिषयक छलफल कार्यक्रम सम्पन्न भएको छ । ७३ औं अन्तराष्ट्रिय मानव अधिकार दिवशका अवसरमा १० डिसेम्बर २०२१ सरोकारवालावीच छलफल कार्यक्रम सम्पन्न भएको हो । पारस्पारिक जवाफदेहिता परियोजना अन्तरगत सोच नेपालको आयोजनामा भएको कार्यक्रममा गोरखामा मानव अधिकारको अवस्था र भावी योजनाकाबारे सरोकारवालावीच छलफल भएको छ ।

कार्यक्रमको विषय प्रवेशका लागि अधिवक्ता रमेश अधिकारीले मानवअधिकार सम्बन्धि अवधारणपत्र प्रस्तुत गर्नुभएको थियो ।

अवधारण पत्रमा समेटिएका बिषयहरु निम्न छन् ।

- मानव अधिकार परिचय
- मानवअधिकार दिवशको इतिहास
- मानवअधिकार दिवशको औचित्य
- मानवअधिकारको संरक्षण र संवर्द्धनका नीम्ति बनेका अन्तराष्ट्रिय महासन्धीहरु
- नेपालमा मानवअधिकार संरक्षणको लागि भएका प्रयासहरु
- नेपालमा मानवअधिकारको सकरात्मक पक्षहरु
- नेपालमा मानवअधिकारका सम्बन्धमा देखा परेका समस्याहरु
- **निष्कर्ष**

नेपाल मानवअधिकार संगठन गोरखाका अध्यक्ष दिलबहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा जेष्ठनागरिक संघ गोरखाका अध्यक्ष मोहनलाल श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो भने सहायक प्रमुख जिल्ला अधिकारी कमल प्रसाद भण्डारीको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा अधिवक्ता रमेश अधिकारीको अवधारणा पत्र प्रस्तुत भइसकेपछि गोरखामा मानवअधिकारको अवस्था, देखिएका समस्या र चुनौती साथै समाधानका उपायका बारे सहभागीवीच खुला छलफल भएको थियो ।

छलफलमा बोल्नु हुदै नेपाल पत्रकार महासंघ गोरखाका पूर्व अध्यक्ष भिमलाल श्रेष्ठले मानवअधिकार सबैको साझा मुद्धा बन्नुपर्नेमा जोड दिनुभयो । उहाँले मानवअधिकारकर्मी मात्रै नभई मानवअधिकार रक्षक हुनुपर्ने समेत बताउनु भयो । प्राकृतिक विपत्ती र भुगोलका कारण उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकाका नागरिक भोकमरीमा पर्ने जोखिम बढेको र बिरामी हुदा उपचार नपाएर अकालमै मर्नुपर्ने बाध्यत(ालाई मानवअधिकारकर्मीले गम्भिर रुपमा एकतावद्ध भएर उठाउनुपर्ने समेत तर्क गरे । पछिल्लो साय जिम्मेवारी लिने तर कार्यान्वयन नगने ं प्रवृत्ति हावी हुदै गएको भन्दै श्रेष्ठले चिन्ता ब्यक्त गर्नुभयो ।

त्यस्तै पत्रकार किरण लोहनीले कुनै पनि घटना घटेपछि मात्रै चिन्ता र चासोको बिषय बन्नु दुखद रहेको बताउनु भयो । अधिकारकर्मी वा नागरिक समाजले समयमै समस्यालाई सवालको रुपमा उठान गर्न नसक्दा घटनाहरु गम्भिर रुपमा अगाडी आउने गरेको तर्क गर्दै उहाँले घटना घट्न नदिने तर्फ नै अधिकारकर्मीहरु सजग हुनुपर्नेमा जोड दिनुभयो । त्यस्तै उहाँले अधिकारका बिषय र कार्यक्रमहरु सदरमुकाममा मात्रै केन्द्रित बन्दा ग्रामिण गाउँ तथा बस्तीहरुमा झनै मानवअधिकारको अवस्था नाजुक बन्दै गएको बताउनु भयो ।

कार्यक्रममा गोरखा क्याम्पसका प्राध्यापक ठाकुर प्रसाद खनालले गोष्ठि र सेमिनार गर्नु भन्दा ब्यवहारिक रुपमा मानवअधिकारका सवाललाइ ं उठान गरी कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । अर्का सहभागी प्राध्यापक कमल कोइरालाले कानुन कमजोर र विपन्नका लागि मात्रै लागु हुने तर पहुँचवालाका लागि भने फरक रहेको दुखेसो गर्नुभयो । उहाँले पहुँचका आधारमा सरोकारवालाहरुले कानूनको ब्याख्या गर्ने प्रवृत्ती र हेसम्म मानवअधिकार प्रवर्द्धन हुन नसक्ने तर्क गर्नुभयो ।

कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी कमल प्रसाद भण्डारीले सरकारका नजरमा कानून सबैका लागि बराबर रहेको बताए । मानवअधिकारको सवाल पाइला पाइलामा उठ्न जरुरी रहेको बताउदै उहाँले सरकार त्यसको कार्यान्वयनमा प्रतिवद्ध रहेको बताउनु भयो । कार्यक्रमा बिभिन्न संघसंस्था तथा सरकारी निकायका गरी ३४ जनाको सहभागीता रहेको थियो जसमा २५ जना पुरुष र १४ जना महिला रहेका थिए ।

कोभिड डाटा व्यवस्थापनमा सोचको सहयोग

सोच नेपालले एशिया फाउनडेसन संगको सहकार्यमा स्वास्थ्यतथा जनसंख्या मन्त्रालयसंग निरन्तर कार्य गरिरहेको छ । कोभिड महामारी सुरुवात भएदेखि स्वास्थ्य क्षेत्रको सुशासन तथा जबाफदेहिता प्रबर्दनको लागि विभिन्न राष्ट्रिय अन्तरास्ट्रिय दाताहरुको सहकार्यमा हाम्रो स्वास्थ्य मोबाइल एप तथा MOHP Dashboard निर्माण गरि कोभिडको बिबरण, सूचनाहरु सम्प्रेषण भईरहेको छ ।

Contact Details

Society for Humanism (SOCH) Nepal
Battisputali-9, Kathmandu, Nepal
GPO Box No. 670,
Phone : + 977-01-4597168, 01-4584777
Email: sochnepal@gmail.com

Website : www.sochnepal.org
Management : Samjhana Pyakurel
Content : Rajendra Koirala , Mohasin Ali Miya, BN Shrestha
Design : Rajendra Koirala